विदेशी बासिन्दाहरू प्रति

◆भुक्तानीको अन्तिम मिति सम्म पनि शहर कर नतिरेको हुँदा रिमाइन्डर (तोकुशोकुज्योउ)मा लेखिएको समय अवधि सम्म शहर कर नतिरे तपाईको सम्पत्ति जफत गरिनेछ।

◆भुक्तानीको अन्तिम मिति कटेको हुँदा ढिला जरिवाना शुल्क लाग्नेछ। जरिवाना शुल्क लागेको खण्डमा पछिको मितिमा जरिवाना शुल्क पर्ची पठाउँनेछौं, कृपया भुक्तानी गर्नुहोला।

◆शहर कर तिर्न कठिन भएको अवस्थामा, जापानी भाषा बोल्ने-बुझ्ने व्याक्तिको सहयोग लिई तल लेखिएको सम्पर्क ठेगानामा समपर्क गरि परामर्श गर्नुहोस्।

## भुक्तानी गर्न सकिने ठाउँ

**भुक्तानी स्लिप** प्रयोग गरेर बैंक र हुलाक कार्यालयहरू, सुविधा स्टोर (*कोम्बिनी*) हरू, नगरपालिका कर कार्यालय, वार्ड कार्यालय र शाखा कार्यालयहरू, र सिटी हलबाट करको भुक्तानी गर्न सकिन्छ ।

## सोधपुछ

यदि तपाइँको केहि प्रश्न छ भने कृपया कुनै जापानी बोल्ने-बुझ्ने व्यक्तिलाई तपाईको वार्डको प्रभारी नगरपालिका कर कार्यालयमा गई तपाईको तर्फबाट सोधपुछ गर्न आग्रह गर्नुहोस्।

| तपाईको निवासको वार्ड | फोन नम्बर | नगरपालिका कर कार्यालय प्रभारी |
|---|---|---|
| चिकुसा・हिगाशी・किता・नाका・मोरियामा・मेइतोउ | 052-959-3301 | साकाए नगरपालिका कर कार्यालय<br>(आठौं तल्ला, एन्. एच. के नागोया प्रसारण केन्द्र बिल्डिङ्ग)<br>1-13-3 हिगाशी साकुरा, हिगाशी-कु, नागोया |
| निशी・नकामुरा・नाकागावा・मिनातो | 052-433-4013 | होनजीन नगरपालिका कर कार्यालय<br>(चौथो तल्ला, नाकामुरा वडा कार्यालय तथा विभिन्न सरकारी कार्यालय रहेको सरकारी भवन)<br>1-23-1 माचुबारा-च्योउ, नाकामुरा-कु, नागोया |
| शोवा・मिजुहो・आचुता・मिनामी・मिदोरि・तेन्पाकु | 052-324-9801 | कानायामा नगरपालिका कर कार्यालय<br>(मेइतेचु मासाकी दाईइची बिल्डिङ्ग)<br>3-5-33 मासाकी, नाका-कु, नागोया |

**【नागोया अन्तर्राष्ट्रिय केन्द्र (सार्वजनिक चासो समावेशी फाउन्डेसन)】**

**फोन :** 052-581-0100 **वेबसाइट:** https://www.nic-nagoya.or.jp/

नागोया अन्तर्राष्ट्रिय केन्द्रले सूचना काउन्टरमा गैर-जापानी निवासीहरूका लागि सामान्यतया प्रशासनिक मामिलामा नि: शुल्क परामर्श प्रदान गर्दछ।

◆ **गैर-जापानी निवासीहरूको लागि प्रशासनिक परामर्श निम्न भाषामा उपलब्ध छ:**

अंग्रेजी, पोर्चुगीस, स्पेनिश, चिनियाँ, कोरियन, फिलिपिनो, भियतनामी, र नेपाली

◆ **ईमेल द्वारा सोधपुछ:**


| | | | |
|---|---|---|---|
| जापानीज, अंग्रेजी | info@nic-nagoya.or.jp | कोरियन | hangul@nic-nagoya.or.jp |
| पोर्चुगीस | portugues@nic-nagoya.or.jp | फिलिपिनो | filipino@nic-nagoya.or.jp |
| स्पेनिश | espanol@nic-nagoya.or.jp | भियतनामी | tieng-viet@nic-nagoya.or.jp |
| चिनियाँ | zhongwen@nic-nagoya.or.jp | नेपाली | nepali@nic-nagoya.or.jp |

## ≪भुक्तानी पर्ची आदिको प्रयोग गर्ने तरिका≫

① कृपया भुक्तानी पर्चीमा लेखिएको बिषय जाँच गर्नुहोस्।

मिसिन लाइन


मिसिन लाइन भन्दा तलको भागलाई 「भुक्तानी पर्ची अंश」 भनिन्छ।




यदि यहाँ बार कोड छ भने, कोनभिनिएन्स स्टोर बाट पनि भुक्तानी गर्न सकिनेछ।

② भुक्तानी गर्दा, मिसिन लाइनबाट कर भुक्तानी सूचना र भुक्तानी पर्चीको अंशलाई अलग गरि भुक्तानी पर्चीको अंश भुक्तानी गर्न सकिने ठाउँको काउन्टर सम्म लग्नुहोस


भुक्तानी पर्चीको अंशलाई तिर्न सकिने ठाउँको काउन्टर सम्म लिएर आउनुहोला।




* भुक्तानी पर्चीको अंश मिसिन द्वारा प्रक्रिया गर्ने हुनाले कृपया फोहर बनाउने तथा बंगाउने कार्य नगर्नुहोला, कृपया ध्यान दिनुहोला।

③ कृपया भुक्तानी पछि रसीद सुरक्षित ठाउँमा राख्नुहोस्।

भुक्तानी पर्ची अंश




※ यस भुक्तानी पर्ची अक्टोबर 2020 को ढाँचा हो।

पहिलो अवधिको कर रकम हो।
यस रकम, तल्लो दायाँ भागमा लेखिएको भुक्तानी अवधि सम्म तिर्नुहोला।